# पशु वीमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९

**स्वीकृत मिति : २०७९/०९/२५ गते**

**पृष्ठभूमि :**

कृषकहरुले पालन गरेका पशुपंन्छीहरुको सुरक्षा र जोखिम कम गराउने उद्देश्यले पशु वीमा कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र पारदर्शी रुपले कार्यान्वयन गर्न चौतारा साँगाचोकगढी नगरपालिकाबाट यो कार्यविधि निर्माण गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक :

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "पशु वीमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्याविधि चौतारा साँगाचोकगढी नगरपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "नगरपालिका" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका सम्झनु पर्नेछ ।

(ख) "शाखा" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका पशु सेवा शाखा सम्झनु पर्नेछ ।

(ग) "कार्यविधि" भन्नाले "पशु वीमा अनुदान कार्यक्रम संचालन कार्यविधि २०७९" सम्झनु पर्नेछ ।

**३. उद्देश्यहरु :**

(क) किसानहरुले पालन गरेको पशुधनको जोखिम हुनबाट बच्न ।

(ख) पशुहरुको क्षति भई किसानहरुमा हुने निराशापन हुन नदिन ।

(ग) वीमा गर्दा लाग्ने शुल्कको ५० प्रतिशत नगरपालिकाबाट उपलब्ध गराई कृषहरुलाई राहत प्रदान गर्न

(घ) नगरपालिकामा पशुपालन गर्न प्रोत्साहन गरी उत्पादन वृद्धि गर्ने ।

**४. कार्यक्रम संचालन हुने स्थानहरु :**

(क) चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरु ।

**५. कार्यक्रमको अवधि :**

यो कार्यक्रमको अवधि १ बर्षको हुनेछ र आवश्यकता अनुसार विस्तार गर्दै लैजान सकिनेछ

**६. कार्यक्रम संचालन प्रकृया :**

(क) वीमा कार्यक्रम संचालनको लागि सूचना प्रकाशित गरी जानकारी गराईनेछ ।

(ख) पशु वीमा गर्दा लाग्ने प्रिमियम रकममा नेपाल सरकारबाट प्राप्त अनुदान बाहेक बाँकी रहेको रकममा ५० प्रतिशत नगरपालिकाबाट अनुदान उपलब्ध हुनेछ ।

(ग) कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने प्रशासनिक खर्च, व्यवस्थापन खर्च लगायत उपकरण खर्च वापत्को रकम नगरपालिकाले व्यहोर्नेछ ।

(घ) कृषकको घरदैलोमा गई पशु वीमा गर्न आवश्यक जनशक्ति नगरपालिकामा कार्यरत कर्मचारीबाट परिचालन गरिनेछ ।

**७. अनुगमन तथा मुल्यांकन सम्बन्धी व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन मुल्यांकन गर्नको लागि यस नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारीहरु रहेको अनुगमन तथा मुल्यांकन समिति रहनेछ ।

| | |
|---|---|
| उप-प्रमुख | संयोजक |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| सम्बन्धीत वडाको वडा अध्यक्ष | सदस्य |
| प्रशासन /योजना शाखा प्रमुख | सदस्य |
| सम्बन्धीत शाखाको शाखा प्रमुख | सदस्य सचिव |

***(अन्य सदस्यहरु आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ)***

**८. थपघट वा हेरफेर गर्न सक्ने**

(१) यो कार्यविधिको कार्यान्वयन थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्याविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।